# पनौती नगरपालिकाले आर्थिक वर्ष २०७१/०७२ को दोस्रो चौमासिक अबधिमा सम्पादन गरेको कार्यहरूको सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

प्रस्तुत :

पनौती नगरपालिका, पनौती, काभ्रे

**तयार पार्ने**

प्रल्हाद शर्मा हुँमागाई

सञ्चारकर्मी

# स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम सञ्चालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन



**नगरवासीलाई सम्बोधन गर्दै कार्यकारी अधिकृत ईन्दिरा थापा**

## विषय सूची


| सि.नं | विषय |
|---|---|
| १. | भूमिका |
| २. | सार्वजनिक सुनुवाईको औचित्य |
| ३. | कार्यक्रमको उद्देश्य |
| ४. | कार्यक्रमबाट अपेक्षा गरिएको उपलब्धि |
| ५. | कार्यक्रम सञ्चालनको मिति, स्थान र समय |
| ६. | सार्वजनिक सुनुवाई सञ्चालन विधि |
| ७. | कार्यक्रमका विज्ञ तथा सहजकर्ता |
| ८. | कार्यक्रममा भएको उपस्थिती |
| ९. | कार्यक्रममा भएको गतिविधीहरु |
| १०. | सिकाईहरु |
| ११. | निष्कर्ष तथा सुझावहरु |


अनुसुचीहरु


१. नागरिक प्रतिवेदन पत्रको नतिजा विवरण

२. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरु

३. सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविवरण

४. पनौती नगरपालिकाका तर्फबाट भएको प्रस्तुती विवरण

५. कार्यक्रमका फोटाहरू

६. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न तथा जिज्ञासा र समाधान

७. निचोड

## आर्थिक वर्ष २०७१/०७२ को दोस्रो चौमासिक अवधिमा पनौती नगरपालिकामा सम्पादन गरिएको कार्यहरुका विषयमा सञ्चालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

### १. भूमिका

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय निकायहरुको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेको छन् । जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय निकायहरुलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित समेत गर्नको लागि नेपाल सरकारले विभिन्न अनुगमन संयन्त्रहरु बनाएको छ । यिनै अनुगमन सुचकहरुको अग्रपक्तिंमा सार्वजनिक सुनुवाई पनि पर्न आउँदछ ।

स्थानीय निकायहरु सञ्चालन गर्न बनेका ऐन तथा नियमहरुले स्थानीय निकायहरु खासगरी जिविस, नगरपालिका तथा गाविसहरुले एक आ.व. मा सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई वर्षको कम्तिमा तीनपटक गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय निकायको सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ । तीनै व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो ।

ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस् भनी नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय निकायहरु खास गरी जिविस तथा नगरपालिकाहरुले वर्षको तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने तथा सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा सो कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राख्दै यस पनौती नगरपालिकाले आ.व. २०७१/०७२ को दोस्रो चौमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न सञ्चारकर्मी प्रल्हाद शर्मा हुँमागाईलाई जिम्मेवारी दिएको सन्दर्भमा सो संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

### २. सार्वजनिक सुनुवाईको औचित्य

सुशासन-(व्यवस्थापन र स्वचालन) ऐन २०६४, नियमावली २०६५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले हरेक स्थानीय निकायले आफ्नो संस्थाले वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको  वर्षको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ । पनौती नगरपालिकामा आ.व. २०७१/०७२ को दोस्रो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालको केही वर्ष यता नेपाल सरकारले कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

### ३.कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य पनौती नगरपालिकाबाट आव २०७१/०७२ को दोस्रो चौमासिक अवधिमा नगरपालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

१. जनगुणासाहरु सुन्नु ।

२. जनताको समस्यामा छलफल गर्नु ।

३. नगरपालिकामा एक चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु ।

४. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

५. कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि

यो कार्यक्रमबाट देहाएका उपलब्धिहरु हासिल हुने अपेक्षा राखिएको थियो ।

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :

पनौती नगरपालिकाले आ.व. २०७१/०७२ को दोस्रो चौमासिक अवधिमा सम्पादन गरेका कार्यहरुको विषयमा २०७१ साल फागुन २९ गतेका दिन भएको नगरपालिकाको सभाहलमा कार्यक्रम आयोजना गरिएको थियो । दिउँसो १ बजे शुरु भएको यो कार्यक्रम बेलुकी ४ बजे सकिएको थियो ।

**६. सार्वजनिक सुनुवाई सञ्चालन विधि :**

सुशासन ऐन २०६४ र नियमावली २०६५ को आशय अनुरुप स्थानीय निकायहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले पनौती नगरपालिकाले सेवा प्रादायक सञ्चारकर्मी प्रल्हाद शर्मा हुँमागाईसँग सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरणको सम्झौता गरेको थियो ।

कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाई कार्यक्रम गर्नु पूर्व ५० जना सेवाग्राहीहरुसँग नागरीकअभिमत र ५० जना सेवाग्राहीसँग वहिर्गमन मत सर्वेक्षण गरिएको थियो । यसको विस्तृत विवरण अनुसची १मा दिइएको छ ।

**७.कार्यक्रममा विज्ञ तथा सहजकर्ताः**

यो सार्वजानिक सुनुवाई कार्यक्रमको लागि सहजीकरण तथा समग्र व्यवस्थापन कार्य सञ्चाकर्मी प्रल्हाद शर्मा हुँमागाइले गर्नु भएको थियो भने फिल्ड सर्वेक्षणकार्य संस्थाका अन्य कर्मचारीहरुले गरेका थिए । सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चालन तथा संयोजन कार्यको मुख्य जिम्मेवारी सञ्चारकर्मी प्रल्हाद शर्मा हुँमागाईले नै गरेका थिए ।

**८. कार्यक्रममा भएको उपस्थिती**

यस कार्यक्रममा पनौती नगरपालिकाले आफ्नो सभाहलमा २०७०/०७१ को प्रथम चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुर्‍याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । नगरपालिकाका सम्पूर्ण बस्तीहरु खोपासी, चामखर,पस्थली, चौकोट,धनेश्वर, सुब्बागाउँ, सुन्थान, पनौती, टौखाल, मल्पी आदिका उपभोक्ता समिति ,सामुदायिक विकास संस्था, पनौती नागरिक समाज, विद्यालयहरु, सहकारीहरु, आमा समुहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समुहहरु, दलित उत्थान समुहहरु, व्यावसायिहरु, शिक्षक, बुद्धिजिवीहरु तथा जिल्ला स्थित सम्पूर्ण विषयगत कार्यालयहरुलाई आमन्त्रण गरिएको थियो । सो मध्ये सेवाग्राही र संघसंस्था प्रतिनिधी गरी करिब १ सय १ जनाको उपस्थिती भएको थियो । यसको विवरण अनुसची २ मा दिइएको छ ।

**९. कार्यक्रममा भएका गतिविधीहरु :**

२०७१ फागुन २९ गतेको दिउँसो १ बजे पनौती नगरपालिकाका कार्यकारी अधिकृत श्री इन्दिरा थापाको सभापतित्वमा कार्यक्रम औपचारिक शुरुवात भएको थियो । पनौती नगरपालिकाका प्रशासकीय अधिकृत श्री इन्द्रप्रसाद अधिकारीले स्वागत मन्तव्य राख्नुभएको थियो भने सञ्चारकर्मी प्रल्हाद शर्मा हुँमागाईले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रमको पहिलो चरणमा कार्यक्रमको विस्तृत विवरण र सहभागीहरुलाई सार्वजनिक सुनुवाईका आचारसंहिता पढेर सुनाइएको थियो । यसको उल्लेख अनुसुची ३ मा गरिएको छ । सो कार्य पछि सभापतिका अनुमति लिँदै पनौती नगरपालिकाका प्रशासकीय अधिकृत इन्द्रप्रसाद

अधिकारीले पनौती नगरपालिकाले २०७१/०७२ को दोस्रो चौमासिक अवधिमा गरेका कार्यविवरणहरुको प्रस्तुती गर्नु भएको थियो । सो प्रस्तुतीको विवरण अनुसुची ४ मा उल्लेख गरिएको छ । यस प्रस्तुतीकरणमा संलग्न गरिएका विषयवस्तुका विषयमा विभिन्न सहभागीहरुले जिज्ञासाहरु राखेका थिए ।

यसका साथै कतिपय सहभागीहरुले खानेपानी, स्वास्थ्य, कृषि, शिक्षा, सडक, विद्युत र बैंकिङ लगायत विभिन्न विषयगत कार्यालयहरुसँग पनि जिज्ञासाहरु राख्नुभएको थियो । सहभागीले राखेका जिज्ञासाहरुको विषयमा पनौती नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत इन्दिरा थापा, प्रशासकीय अधिकृत इन्द्रप्रसाद अधिकारी, इन्जिनियर प्रेम सोनाम, लेखा अधिकृत कृष्णप्रसाद सैंजु, सामाजिक विकास शाखा प्रमुख केशव बञ्जारा, स्वास्थ्य संस्थाका प्रतिनिधित्व गर्दै राजकुमार काफ्लेले कार्यक्रममा स्वास्थ्य सम्बन्धि उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको थियो । राजनीतिक प्रतिनिधीहरुलगायतले आ-आफ्नो विषयको जिज्ञासाहरुलाई सम्बोधन गनुभएको थियो ।

अन्त्यमा पनौती नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत इन्दिरा थापाले सबै सहभागीहरुलाई धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नुभएको थियो । कार्यक्रमका विभिन्न दृश्यहरुको फोटो अनुसुची ५ र सहभागीहरुको जिज्ञासा तथा नगर अधिकृतहरुको जवाफको पूर्ण विवरण अनुसुची ६ मा दिएका छौं ।

**१०. सिकाईहरु :**

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ ।

० सार्वजनिक सुनुवाईहरु बाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।

० विगतको तुलनामा पछिल्ला सार्वजनिक सुनुवाइहरूमा नगरबासीको उपस्थिति उल्लेख्य रूपमा बृद्धि हुँदै गएको पाइयो ।

० यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुगेको देखियो ।

० यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल भएको देखियो ।

० जनगुणासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको देखियो ।

## ११. निष्कर्ष र सुझावहरु :

### निष्कर्ष :

यस नगरपालिकामा भएका विकास निर्माणमा यो कार्यक्रमपश्चात भएको सुधारलाई सफलताको सिढीँ मान्नुपर्छ । कार्यक्रमले विकेन्द्रिकरणको कार्यान्वयनको दिशामा साँच्चै सफल भएको अनुभूति मिलेको छ । हामी आर्थिक सामाजिक राजनीतिक र साँस्कृतिक उन्नत समाजको निर्माण गर्न सक्छौं । यस प्रकारले नगरपालिका र नगरबासीहरुका बीचमा भएका अन्तर्क्रियाले आगामी दिनहरुमा लक्षित उद्देश्य हासिल गर्ने दिशामा अझै सकारात्मक योगदान पुग्ने आशा एवम् विश्वास लिइएको छ ।

### सुझावहरु :

यस कार्यक्रम सञ्चालनका क्रममा देखिएका विभिन्न कमी कमजोरीहरुलाई आगामी दिनहरूमा सुधार तथा सम्बोधन गर्न सजिलो होस् भनी केही बुँदाहरुलाई सल्लाह तथा सुझावको रुपमा राखिएको छ ।

- गत सार्वजनिक सुनुवाई कार्यक्रममा पेस गरिएको प्रतिवेदन उपर अपेक्षाकृत ढंगबाट सम्बोधन हुनुपर्ने थियो । तर प्रस्तुतीका क्रममा सन्तोषजनक रूपमा नआएको हुँदा आगामी कार्यक्रममा सुधार हुने अपेक्षा राखिएको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रमप्रति नगरवासीको उपस्थितिलाई गरिमामय तुल्याउनका लागि विशेष गरी वडा सचिव र वडा नगरिक सरोकारमञ्च लगायतका सरोकारवाला निकायलाई व्यवस्थित रूपमा परिचालन गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा साउण्ड सिष्टमको व्यवस्था हुनुपर्ने ।
- सार्वजनिक सुनुवाईको प्रचार-प्रसार व्यापक रुपमा हुनुपर्ने ।
- समयमै पत्रचार गर्नुपर्ने र बीचमा अनुगमन पनि गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका जिज्ञासा एवं विकासनिर्माण सम्बन्धी कार्यक्रमलाई तत्काल लागु गर्न सुझावहरुलाई लागु तथा सुधारको बाटोमा लैजानुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त भएका जिज्ञासा सुझाव तथा प्रतिबद्धता र सुझावहरुको अनुगमन गर्न सार्वजनिक सुनुवाई उत्तरदायित्व संयन्त्र गठन गर्नुपर्ने ।
- प्रस्तुतकर्ताले सहजिकरण गर्ने क्रममा तीनवटा कार्यक्रम सम्पन्न गरिसक्दा समेत नगरपालिकाले निभाउनुपर्ने दायित्व निभाएको पाइएन । यसतर्फ गम्भिर ध्यानाकर्षण हुन आग्रह गर्दछु । आशा छ आगामी सार्वजनिक सुनुवाई कायक्रममा यस्ता खालका टिप्पणीहरू आउन दिने छैन भन्ने विश्वास दिलाउन चाहान्छु ।

**अनुसूची – १**
**नागरिक प्रतिवेदन पत्रको नतिजा विवरण**
**बुँदा नम्बर ३.६.१ सँग संबन्धित प्रश्नावली भाग – १**
**नागरिक प्रतिवेदन ( Citizen Report Card )** ( सन्तुष्टि वा असन्तुष्टि जनाउने )

उत्तरदाताको नाम र थर :– ………. जातजाति : ……लिङ्ग : ( ) महिला ( ) पुरुष ( ) उमेर……….शिक्षा………. पेशा…………

ठेगानाः पनौती नपा, वडा नं. हरु १, २, ३, ४, ५, ६, ९, १० र ११ सम्पर्क फोन नं………………

---

## १. सेवाको सन्तुष्टि

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

क) सन्तुष्ट २६% ख) ठीकै ३८% ग) असन्तुष्ट २४%

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट २०% ख) ठीकै ४६% ग) असन्तुष्ट ३४%

## २. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ६% ख) ठीकै ७०% ग) असन्तुष्ट २०% घ) प्रतिक्रिया दिन नचाहने ४%

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

क) विश्वस्त २४% ख) ठीकै ५०% ग) अविश्वस्त २४% घ) प्रतिक्रिया दिन नचाहने २%

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

क) तिरेको छैन ३०% ख) एकदमै कम ३२% ग) धेरै तिरेको १०% घ) प्रतिक्रिया दिन नचाहने २८%

२.४ पनौती नगरपालिकाले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

क) १ दिन २२% ख) २ दिन ५०% ग) धेरै दिन ८% घ)प्रतिक्रिया दिन नचाहने २०%

## ३. सेवाप्रतिको जनविश्वास

३.१ पनौती नगरपालिकाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

क) विश्वस्त ३२% ख) ठीकै ४२% ग) अविश्वस्त २०% घ)प्रतिक्रिया दिन नचाहने ६%

३.२ पनौती नगरपालिकाले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?

क) धेरै ६% ख) ठीकै ६४% ग) गरेको छैन ८% घ)प्रतिक्रिया दिन नचाहने २२%

३.३ पनौती नगरपालिकामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

क) धेरै २०% ख) ठीकै ३२% ग) विश्वास छैन ६% घ)प्रतिक्रिया दिन नचाहने ४२%

३.४ पनौती नगरपालिकाले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

क) छ २६% ख) छैन ३०% ग) अलिअलि थाहा छ २८% घ)प्रतिक्रिया दिन नचाहने १६%

## ४. सेवाको गुणस्तर

४.१ पनौती नगरपालिकाबाट सेवा लिंदा कार्यालय ले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ४६% ख) कम सन्तुष्ट २४% ख) असन्तुष्ट ४% घ)प्रतिक्रिया दिन नचाहने २६%

४.२ तपाई पनौती नगरपालिकामा आउँदा कसको सहयोग लिनुभयो ?

क) आफै ५२% ख) गाउँका ठूलाबडाको १०% ग) मध्यस्थकर्ता २४% घ)प्रतिक्रिया दिन नचाहने १४%

४.३ पनौती नगरपालिकामा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

क) १ पटक ३२% ख) २ पटक २८% ग) सो भन्दा वढी ४०%

**५. सेवा सम्बन्धी जानकारी**

५.१ पनौती नगरपालिका कार्यालयको भौतिक अवस्था कस्तो छ ?

क) अति राम्रो २२% ख) ठीकै २८% ग) नराम्रो १६% घ)प्रतिक्रिया दिन नचाहने १४%

५.२ पनौती नगरपालिका कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

क) छ ३६% ख) आंशिक जानकारी छ २२% ग) कुनै जानकारी छैन ४२%

५.३ पनौती नगरपालिका कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

क) अति राम्रा २४% ख) ठीकै ५०% ग) खासै राम्रो छैन २६%

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

क) २० प्रतिशत जति २६% ख) ५० प्रतिशत भन्दा माथि ३८% ग) थाहा छैन ३६%

५.५ नगर परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ?

क) छ १४% ख) ठीकै छ ३४% ग) प्रतिनिधित्व साह्रै कम छ २०% घ)प्रतिक्रिया दिन नचाहने ३२%

**६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

क) धेरै २६% ख) कम ४४% ग) गरेको छैन २२% घ)प्रतिक्रिया दिन नचाहने ८%

६.२. तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवाप्रदान गरेको जस्तो लाग्छ?

क) धेरै १०% ख) ठीकै ५२% ग) अति कम १०% घ)प्रतिक्रिया दिन नचाहने २८%

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

क) धेरै भएको छ १८ ख) ठीकै भएको छ ४२% ग) भएकै छैन ४०%

## <u>प्रश्नावली भाग – २</u>

## नागरिक प्रतिवेदन पत्र

**१. सिफारिस सम्बन्धी**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

क) पाएँ ४४% ख) ठीकै पाएँ ४४% ग) स्पष्ट पाइँन १२%

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो?

क) दिएँ ६% ख) थोरै दिएँ ४८% ग) मागिएन र दिइएन पनि ४६%

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

क) आफैं ५०% ख) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे ४४% ग) नेता/ठूलाबडा ६%

१.४ राजस्व, शुल्क तथा दस्तुर को -कससंग उठाउने गर्दछन् ?

क) सबैसँग कर उठाउँछन् ४२% ख) सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् ५२% ग) धेरै वक्यौता रहने गरेको छ १८%

**२. पूर्वाधार तथा सरसफाई सम्बन्धी**

२.१  पनौती नगरपालिका कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

क) राम्रो   ४२%   ख) ठीकै   ५२%   ग) खराब   ६%

२.२  पनौती नगरपालिका कार्यालयमा सरसफाई  सम्बन्धी  गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

क) तुरुन्तै हुन्छ   ६%  ख) पटक पटक भनेपछि मात्रै हुन्छ   ४२%  ग) जति भनेपनि हुन्न   ५२%

२.३  तपाईको विचारमा पनौती नगरपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

क) नियमित र राम्रो संग   ८%   ख) ठीकै गर्छ   ४४%   ग) नियमित रुपमा गर्दैन   ४८%

२.४  तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

क) राम्रो   २%   ख) ठीकै   ४४%  ग) खराब   ५४%

२.५  पनौती नगरपालिकामा सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन्  ?

क) प्रभावकारी छन्   ८%   ख) ठीकै छन्   ५०%   ग) प्रभावकारी छैनन्   ४२%

२.६  पनौती नगरपालिकाको योजनाको  बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

क) सहज/असहज   १६ %  ख) ठीकै   ५६% ग) अप्ठ्यारो   २८%

२.७  पनौती नगरपालिकाका योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ  ?

क) पर्दैन   ५०%   ख) मागेरै  लिन्छन्   २६%  ग) रकम नदिए अप्ठ्यारो पार्छन्   २४%

२.८  पनौती नगरपालिकाका योजना सञ्चालन गर्दा  प्राविधिक सहयोग कत्तिको पाउनु  भयो ?

क) सजिलै पाइयो   ४६%   ख) कहिले काँही पाइयो  ४८% ग) माग गर्दा  पनि पाइएन  ६%

२.९ पनौती नगरपालिकाको विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु  हुन्छ ?

क) सजिलै पाइन्छ   २०%   ख) सोधेपछि पाइन्छ   ८०%   ग) सोधेपनि पाइदैन  ०.०%

२.१०  पनौती नगरपालिकाले स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

क) पालना भएको छ  २४%   ख) ठीकै पालना भएको छ   ७६%

ग) कत्ति पनि  पालना भएको छैन   ००%

२.११  पनौती नगरपालिकाले योजना सञ्चालन गर्दा न.पा.वाट  कत्तिको  सहयोग पाउनु भएको छ ?

क) धेरै सहयोग पाएको छु   १६%   ख) ठीकै सहयोग पाएको छु   ८२%

ग) निरुत्साहित गरिन्छ   २%

**३.  यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनु भव कस्तो छ ?**

३.१  आर्थिक श्रोत कस्तो छ ?

क) आवश्यक श्रोत उपलब्ध  ४% ख)  कम श्रोत उपलब्ध   ८६%   ग) अति कम श्रोत  उपलब्ध  १०%

३.२  काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

क) अति सरल  ६%   ख) ठीकै  ७०%   ग) जटिल  २४%

३.३  पनौती नगरपालिका कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

क) आवश्यक सीप छ  २२%  ख) आवश्यक ता भन्दा कम छ   ७२%  ग) सीप निकै कम छ   ६%

३.४  पनौती नगरपालिकाको  आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नु भयो ?

क) टाँसेको  देखेको  छु  २४%   ख) कहिले काँही टाँसेको देखिन्छ  ६६%   ग) खै  कतै देखिएन  १०%

३.५  कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

क) छ  १०%  ख) ठीकै  मूल्यांकन हुने गरेको छ  ५४%  ग) कहिले पनि भएको थाहा छैन  १६%  घ)प्रतिक्रिया दिन नचाहने २०%

३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट ४% ख) ठीकै ९२% ग) कुनै जानकारी छैन ४%

**४. पारदर्शिता सम्वन्धी**

४.१ पनौती नगरपालिकामा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

क) १वटा ६% ख) २ वटा ६२% ग) कार्यक्रम बारे कुनै जानकारी नै छैन २०% घ) प्रतिक्रिया दिन नचाहने १२%

४.२ पनौती नगरपालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

क) धेरै ८% ख) कम २०% ग) भएकै छैन ६०% घ)प्रतिक्रिया दिन नचाहने १२%

४.३ पनौती नगरपालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

क) भएको छ ४४%ख) अहिलेसम्म सञ्चालन भएकै छैन ००% ग) कार्यक्रम बारे कुनै जानकारी नै छैन ४६% घ)प्रतिक्रिया दिन नचाहने १०%

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?

क) धेरै ००% ख) ठीकै ५६% ग) कम ४०% घ)प्रतिक्रिया दिन नचाहने ४%

४.५ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

क) संयन्त्र बनेको छ ००% ख) कुनै संयन्त्र बने को छैन ६४% ग) कुनै जानकारी नै छैनं ३०% घ)प्रतिक्रिया दिन नचाहने ६%

४.६ पनौती नगरपालिका कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

क) धेरै जानकारी पाएको छु २४% ख) ठीकै जानकारी पाएको छु ३०% ग) कम जानकारी पाएको छु ४०% घ)प्रतिक्रिया दिन नचाहने ६%

**अनुसूची–३**

**बहिर्गमन अभिमत (Exit Poll) संकलन गर्ने ढाँचा**

**सहभागि संख्या (५०)** **बुँदा नम्बर ३.४.१ सँग संबन्धित**

१) सेवाग्राहीको लिङ्ग :– पु/स्त्री

२) जात : आदिवासी जनजाति, दलित, ब्राम्हाण, क्षेत्री आदि ।

३) उमेर : १७–७९

४) शिक्षा : सा.ले. प. – स्नात्तकोत्तर (एम.ए.)

५) कार्यालय सम्म आइपुग्दाको समय : १० मिनेट देखि एक घण्टा

६) यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि ?

क) काममा (६८%) ख) अन्य काममा (८%) घ)प्रतिक्रिया दिन नचाहने २४%

**७) पनौती नगरपालिका कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ? रेजा ( ) चिन्ह दिनुहोस् ।**

क) सिफारिस लिन/पुऱ्याउन ६८% ख)दर्ता/नवीकरण २८% ग) आर्थिक सहयोग लिन २% घ) योजना माग गर्न ०% ङ)योजनाको किस्ता लिन २% च) योजनाको मूल्याङ्कन गराउन ०% छ) योजनाको अन्तिम भुक्तानी लिन ००% ज) स्थानीय निकायले राखेको सुचना प्राप्त गर्न ००% झ) सूचनामूलक सामग्री प्राप्त गर्न २% ञ) अन्य कुनै भए २८%

**८) सेवाको नाम मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने**

१. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाई लाई स्पष्ट जानकारी भयो ?

क) अति स्पष्ट ३२% ख) ठीकै ६६% ग) अस्पष्ट २%

२. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?

क) अति धेरै ३४%  ख) ठीकै ५०%  ग) थोरै ६%  घ)प्रतिक्रिया दिन नचाहने १०%

३. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

क) मिलनसार र मैत्रीपूर्ण ३०%  ख) ठीकै ५०%  ग) अभद्र/अर्यादित २०%

४. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु प्रमाण–कागजात र शुल्क–दस्तुरबारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि?

क) अति स्पष्ट गरिदिए ३०% ख) ठीकै ४०%  ग) अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए ३०%

५. तपाईले राख्नुभएका समस्यालाई के –कस्तो समाधान दिए ?

क) अति सजिलो  तरिकाबाट समाधान दिए ४०%  ख) ठीकै ४४% ग) समाधान दिन सकेनन् १६%

६. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?

क) अति सजिलो (छोटो) ४४% ख) ठीकै ४०%  ग) लामो र झन्झटिलो (१०%) घ)प्रतिक्रिया दिन नचाहने ४%

**कार्यालयको कुन कुन पक्षमा धेरै राम्रो लाग्यो र कुन कुन पक्षमा सुधार गर्नुपर्ने जस्ता लाग्यो :**

| राम्रो लागेको कुराहरु | सुधार गर्नुपर्ने कुराहरु |
|---|---|
| १. भवन राम्रो छ। | १. कार्यालयमा आउने बाटो सहज हुनुपर्ने। |
| २. सेवाग्राहीहरुलाई खानेपानी र शौचालयको व्यवस्था | २. विजुली पानीको व्यबस्था हुनुपर्ने। |
| ३. कार्य सम्पादन राम्रोसँग भएको | ३. उपभोक्ता समितिबाट विकास निर्माण गर्नुपर्ने। |
| ४. काम सरल तरिकाबाट भएको | ४. सार्वजनिक विदामा फोहोरमैला उठाउनुपर्ने। |
| ५. सेवाग्राहीलाई राम्रो व्यवहार भएको | ५. हेल्पडेस्क फोटोकपी राख्नु पर्ने। |
| ६. नीति नियम राम्रो छ। | ६. सशुल्क फोटोकपी राख्नुपर्ने। |
| ७. अतिथी सत्कारको व्यवस्था | ७. प्राविधिक पक्षमा सुधार गर्नुपर्ने। |
| ८. सेवाग्राहीसँगको जनसम्पर्क | ८. अनुगमनलाई प्राथमिकता दिनुपर्ने। |
| ९. वातावरण तथा भौगोलिक हिसाबले राम्रो छ। | ९. पोशाकसहित अनिवार्य परिचय पत्र हुनुपर्ने। |
| १०. काम गर्ने तरिका सरल भएको। | १०. कर्मचारी बाहिर जाँदाको लगबुक भर्नुपर्ने। |
| ११. कर्मचारीको व्यवहार राम्रो छ। | ११. आन्तरिक खर्चको पारदर्शिता |
| १२ सफा छ। | १२. तिरो सिफारिस र नाता प्रमाणित वडा कार्यालयबाटै हुनुपर्ने। |
| | १३. बनेपा पनौति मोटरबाटोको बारेमा ध्यान जानुपर्ने। |
| | १४ सबै वडाको फोहोर व्यवस्थापन हुनुपर्ने। |
| | १५. योजना फरफार पारदर्शी ढंगबाट हुनुपर्ने। |

# अनुसुची २. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरु

## सार्वजनिक सुनुवाई कार्यक्रम २०७१ फागुन २९ को गतिविधिका झलकहरू





















**अनुसुची ३. पनौती नगरपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन**

२०७१ साल फागुन २९ गते

कार्यक्रम विवरण

o अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा गर्ने ।

o कार्यक्रमको उद्देश्य माथी प्रकाशन पार्ने ।

o आचार संहिताबारे जानकारी गराउने ।

o सार्वजनिक सेवा प्रवाह बारे संक्षिप्त जानकारी दिने ।

o नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

o बर्हिगमन अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ।

o सहभागीहरुबाट तोकिएको विषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन गर्ने ।

o नगरपालिकाका जिम्मेवार पदाधिकारीहरुले प्रष्ट पार्ने ।

o स्पष्टता पछि थप जिज्ञासाको आह्वान गर्ने ।

o सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने ।

o समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन गर्ने ।

**सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचासंहिता**

० सहभागिले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्ने छ।

० सहभागीले प्रश्न वा सुझाव के राख्ने हो पहिले प्रष्ट गर्नुपर्नेछ।

० सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्ने छ।

० सेवाग्राही, सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकोले बुँदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्ने छ। र सहजकर्ताले निर्धारण गरेको समय वितेपछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ।

० आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउने जरुरी हुने छैन।

० चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।

० सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।

० सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाइने छैन।

० सुनुवाईलाई विथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालिनतापूर्वक समाधान खोज्ने प्रयास गर्नु सबैको कर्तव्य हुनेछ।

० सुनुवाईलाई विषयान्तर हुनबाट सबै सहभागी सचेत हुनु पर्नेछ।

**अनुसुची ४**

पनौती नगरपालिकाको तर्फबाट भएको प्रस्तुती विवरण

दोस्रो चौमासिक प्रगती विवरण

सामाजिक सुरक्षा कार्यक्रम तर्फ :

| | |
|---|---|
| २०७१ चैत १ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको संख्या : २००६ | |
| जेष्ठ नागरिक ११८ | |
| दलित जेष्ठ ११ | |
| एकल महिला ६३ | |
| एकल अविवाहित | |
| पूर्ण सशक्त अपांग १ | |
| आंशिक सशक्त अपांग ९ | |
| दलित बालपोषण अनुदान प्राप्त गर्ने बालबालिका ३२ | |
| जम्मा २३४ | |
| २०७१/७/२७ सम्म बुझिलिने | |
| – आंशिक अशक्त थप<br>– जेष्ठ ८९९ ले वार्षिक थप | |

**सामाजिक परिचालन कार्यक्रम**

६ वटा वडा नं. २,४,७,८,९ र १० मा नागरिक सचेतना केन्द्र सञ्चालन

Reflect विधिद्धारा प्रत्येक हप्ता कक्षा सञ्चालन भईरहेको ।

कार्यरत सामाजिक परिचालक ६ जना ।

वडा नं. ९ र ७ मा ODF घोषणा भएको ।

**व्यक्तिगत घटना दर्ता**

प्रगति :

१. घटना दर्ता जन्म १३०
मृत्यु ७८
विवाह १०३
बसाईसराई २० परिवार (आएको १४, गएको ६)
सम्बन्ध विच्छेद ×

२. आन्तरिक आय
मंसिर/पौष/माघ = ३८,११००७७३

३. घर नक्सा पास संख्या = ९० वटा
घर नक्सा दर्ता संख्या = १५० वटा
योजना संझौता = ६
उ.स.गठन भएको योजना संख्या = १४
पे.फ. भएको योजना संख्या = १

कूल घटना दर्ता

१७ औं नगर परिषद एवं १८ औं स्थापना दिवस स्थापना दिवस ०७१ माघ ११ मा मा. सभासद रामहरी सुवेदी प्रमुख आतिथ्यतामा सम्मान

अशक्त अपाङ्ग ४५ जना×१५००।-

SLC १२१ जना×१०००।-

दलित विपन्न ८४×१२००।-

उत्कृष्ट उ.स.- ज्ञान विकास

उत्कृष्ट सा.वि.- भालेश्वर

उत्कृष्ट संस्थागत - काभ्रे

कृयाशिल पत्रकार पुरस्कारद्धारा सम्मान - प्रह्लादशर्मा हुमागाई

करदाता (ठूलो) - काशीराम कार्की पनौती - १

१ नं. करदाता-.......श्रेष्ठ

संस्थागत - सिविन

जेष्ठ नागरिक पु.- चक्र ब. देउजा पनौती-१

जेष्ठ नागरिक म.- लिला कु. बस्नेत पनौती-११

उतकृष्ट स्वयंसेविका - माईली थापामगर

उत्कृष्ट कर्मचारी - मुकुन्द धिताल स.ले.पा.

## नगरपालिकाले यस अवधिमा गरेका निर्णय र योजनाहरु :

१. कुल स्वीकृती योजनाहरु

२. सम्झौता नभएका योजनाहरु

३. सडक बोर्ड

४. अन्य ........ वटा योजनाहरु गरी ............ वटा

५. रकमान्तर भएका योजनाहरु

## ख) खुल्ला दिशामुक्त कार्यक्रम

| | |
|---|---|
| पनौती नगरपालिकामा शौचालय बन्न बाँकी | - ८४७ |
| शौचालय बनेको | - ९५ |
| जम्मा बाँकी | - ७५२ |

वडा नं. ७ र ९ लाई खुल्ला दिशामुक्त वडा घोषणा बाँकी वडाहरुको लागि कार्यक्रम हुँदै,

जगेडा कोषको ५० लाखको योजना स्विकृत

**ग) निशुल्क स्वास्थ्य शिविर सम्पन्न**

सामुदायिक साकोससँगको सहकार्यमा

**घ) बालश्रम विरुद्धको कार्यक्रम**

१) ILO को सहयोगमा जिल्ला बाल कल्याण समिति मार्फत बालश्रम विरुद्धका गोष्ठीहरु सम्पन्न

सहकारी निकायका कर्मचारीका लागि

संघ संस्था व.ना.म.ना.स.क. का लागि

**२) प्रारम्भिक सर्वेक्षण सम्पन्न**

जम्मा घरधुरी संख्या - ५८९४

बालबश्रम राख्नेको संख्या - २१

बालश्रममा पठाउनेको संख्या - २६

पनौती नगरपालिकामा बालश्रममा बालबालिकाहरुका लागि सेवाहरुको अवहस्था चित्रण कार्य सम्पन्न

**ङ) सामाजिक परिचालन कार्यक्रम**

वडा नागरिक मञ्च गठन - ११ वटा

नागरिक सचेतना केन्द्र - ६ वटा

स्थानिय सेवा प्रदायक छनोटको क्रममा

Request for proposal (REF) माग गरेको अवस्था

च) पूर्ण खोप सुनिस्चित नगरपालिका घोषणा कार्यक्रम २०७१ चैत्र ८ गते घोषणा गरिने ।

**Public Hearing**

ODF ७ र ९ बाँकीको तयारी निर्देशन जारी,

रंगशाला निमार्ण व्यवसायीसँग सम्झौता,

Clean Green Municipality Project को सम्झौता,

परियोजना व्यवस्थापक नियुक्त, कार्यआरम्भ,

लायकु दरवार उत्खनन् कार्य उ.स. गठन,

तत्काल ३ वटा घर टहरा हटाउन भएको सहमति,

पनौति, बनेपा सडक तत्काल पून: निमार्णका लागि टेन्डर प्रक्रिया

प्रहरी एकेडमीको भवन निमार्णका लागि जग्गा व्यवस्थापन हुन विभिन्न चरणको कार्य शहरी स्वास्थ्य कार्यक्रममा निश्क्रिय रहेको बजेटबाट अत्यावश्यक योजना संचालन,

डिजिटल नापीको विस्तार ३,४,८,९,

एकिकृत खानेपानी,

वडा नागरिक मञ्च गठन,

उक्त वडा नागरिक मञ्चलाई ३ लाखका दरले साना पूर्वाधार विकास निमार्ण कार्यक्रम संचालन गर्नु अनुदान प्राप्त,

सुन्थानबाट PHC नयाँ Building मा सरेको,

Child Labour Free सँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न, रंगशालाको जग्गा स्वामित्व सम्बन्धी बिवादित मुद्दाको सर्वोच्च अदालतमा पूनरावेदन दर्ता ।

२ वटा सम्बन्ध विच्छेदको मुद्दा तारेखमा रहेको,

१ वटा नक्सा पास सम्बन्धी फाइल कानूनी परामर्शमा रहेको,

कोट फि मिनाह आर्थिक अवस्था कमजोर सम्बन्धी, जालसाजी मुद्दामा न.पा. लाई विपक्षी बनाएर मुद्दामा न.पा.ले गरेको निर्णय सदर भएको

नक्कली अभिभावक खडा भई गलत मनसायले लिएको १ वटा सिफारिस रद्द भएको

वातावरण मैत्री  योजना माग भएको १५ लाख बराबरको कार्यकारी अधिकताको युवा नेतृत्व विकास सम्बन्धी भ्रमण १८ दिन

कूल निकासा

कूल आन्तरिक आम्दानी

जम्मा योजना सम्झौता

जम्मा योजनाको निकास

कूल नक्सापास

**आम्दानी शीर्षकहरु**

कर दस्तुर संकल :

एकीकृत सम्पत्ति कर रु.

व्यवसाय कर रु.

घर नक्सा रु.

ढलकोष रु.

सरसफाई रु.

भाडा तथा बहाल रु.

सिफारिस वक्यौदा/विविध रु.

जम्मा रु.

२०७१ मंसिर देखि फागुन सम्मको आम्दानी

आम्दानी तर्फ

स्थानीय विकास शुल्क रु.

नगरपालिका अनुदान रु.

स्थानीय विकास शुल्क रु.

सडकबोर्ड पुरानो बाँकी रु.

आन्तरिक आय (०७१ फागुन सम्म) रु.

जम्मा रु.

**खर्च तर्फ**

चालू खर्च रु.

पूंजीगत रु.

जम्मा रु.

**अनुसूची ६**

***सार्वजनिक सुनुवाई कार्यक्रममा समावेश भएका विषयवस्तुहरु***

## उठेका प्रश्न, जिज्ञासा र उत्तर

| क्र.स. | प्रश्नकर्ता गुणासो गर्ने सुझाव दिनेको नाम थर र ठेगाना | सहभागीको प्रश्न/गुणासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटरकरी व्हहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १. | राजाराम सैंजू | भवन दुरुस्त छैन, थप किन, संघसंस्थासँगको सहकार्य के हो ? बसपार्क अस्तव्यस्त छ । प्रशंसापत्र समेत दिन कन्जुस्याई गरियो । मानेश्वरी मन्दिरलाई बजेट, खानेपानी ११/२ को भयो । डिजिटल म्यापिङ्गमा वडा सचिवको भूमिका भएन । | इन्दिरा थापा कार्यकारी अधिकृत पनौती न.पा. | – यसका बारेमा पटक पटक प्रष्ट्याउनु जरुरी छैन, उपस्थिति बाक्लो हुनु आवश्यक हो तर नगर भित्रका क्रियाशिल राजनीतिक पार्टीले आफ्नो दायित्व पनि नगरप्रति देखाउने हो भने यो समस्या रहन्न । कर्मचारीहरूले वर्षौं देखि थेग्दै आएको यो परम्परालाई अलि गम्भिर भएर लिनु जरुरी छ । आलोचना आलोचना मात्रै गरेर समस्याको समाधान हुँन सक्दैन ।<br>– साधन स्रोतको परिधि भित्र रही समेट्न सकिने विषयलाई समेटिने छ ।<br>– गाडी समस्या ग्रस्त छ, ठूलो धनराशी आवश्यक छ ।<br>– कार्यालयको काममा सन्तुष्टिको मात्रा बढ्ने छ, भन्नेमा आशावादी छु ।<br>– यो पृष्ठ पोषण हो ।<br>– महिलाको माग सुनिने छ । | |
| २. | राजेन्द्र के.सी. | उपस्थित कति हुनुपर्ने, आधिकारिकता के हो ? दलका नेता किन उपस्थित छैनन् ? वडा सचिव खोई ? | | | |
| ३. | तुयुकाजी ताम्राकार | यो अन्नप्राशन हो, कर्मचारीले गर्ने काम औपचारिकतामा सिमित हुन्छ, धेरै आकांक्षा राख्नु भएन । विश्व सम्पदामा आम्रो प्रयत्न खोई ? पार्किङ्ग चार्जले अप्ठ्यारो बनायो (स्थानीमलाई) । संग्रालय पनौतीको इजजत हो, संग्रालयबाट उठेको रकम न.पा.ले लिनु अप्ठ्यारोपूर्ण छ, मानेश्वरीमा Public Toilet ले न्याय गरेको छ, मानेश्वरी पाटी किन पूनः निमार्ण भएन, मानेश्वरी मन्दिर बनाउन किन बजेट परेन । गुठी जग्गा जोगाउन हाम्रो प्रयत्न के हो ? बुद्धिलालले प्रमाण बलियो पार्ने काम न. १ को सिफारिसबाट भएको, सहिद सगुनलाई अपेक्षा गरियो । क्उबअभ दिइएन, इनद्रेश्वर क्याम्पस अस्तव्यस्त छ, हस्तक्षेप गर्नु पर्छ या पर्दैन । | इन्द्रप्रसाद अधिकारी प्रशासकीय अधिकृत-पनौती नगरपालिका | हामीले सकेसम्म हाम्रो ठाउँबाट विवाद रहित किसिमले योजनाहरूलाई पूर्णता दिएका छौं । जति पनि प्रश्नहरू उठेका छन् तिनिहरू तथ्यपरक छैनन् पनि । विरोधको नाउँमा विरोध मात्रै गर्नु व्यवहारिक छैन । यो नगर तपाईं हामी सबैको हो । जसको उन्नतीका लागि तपाईं हाम्रो हातेमालो आवश्यक पर्छ । जति पनि अस्तव्यस्तताको सवाल छन् त्यसलाई क्रमागत ढंगबाट सम्बोधन हुनेछ । जहाँसम्म इन्द्रेश्वर क्याम्पसको कुरा छ, त्यो नगरपालिकाले जनप्रतिनिधि विहिन भएको अवस्थामा हस्तक्षेप गर्न सक्दैन । जुन प्रश्नहरू उठेका छन् तिनिहरूलाई नीतिगत तहमा रहेर सम्बोधन गर्ने छौं । हामी सामाजिक दायित्वभित्र रहेर नगरवासीलाई सुसूचित हुने अधिकारी सुरक्षित राख्न तयार छौं ।<br><br>काभ्रे एकीकृत आयोजनाले पनौती नगरभित्र गरेका कामकारवाहीप्रति हामी पनि सन्तुष्ट छैनौं । तर जे भएको छ राम्रोको लागि भएको छ भन्ने महसुस गरेका छौं । नगरपालिकाले यसतर्फ अनुगमनको लागि विशेष चासो राखे व्यवहारिक होला भन्ने लाग्छ ।<br><br>सकेसम्म हामीले नीतिभित्र बसेर नक्सा पास देखि योजना तर्जुमा सम्मलाई सम्बोधन गरेका छौं । यहाँहरूले उठाएजस्तो कमिकमजोरीहरू भएजस्तो पाएका छैनौं तैपनि काम गर्ने क्रममा कमी कमजोरी हुन सक्छ । त्यसको लागि हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । | |
| ४. | राजेन्द्र के.सी. | रिसवत लिने कुरा विकराल छ, योजा फर्सौट गर्न पैसा माग्ने कुराले लज्जित बनायो, एकृकित खानेपानीले पुरानो सबैलाई मात्र आधार बनायो । पछि थप सबै र डिजाइनको काम कहीं कतै भएको देखिंदैन के त्यो सबै जनतालाई आँखामा छारो हाल्ने काम मात्र हो ?<br><br>जनता छैनन्, कर्मचारी सुसुचित कार्यक्रम हो भन्न उपयुक्त होला । दलका नेताको जवाफदेहिता खोई ? सार्वजनिक सुनुवाईमा प्रस्तुत प्रश्नावलीबाट कर्मचारीको काम कारवाही स्पष्ट देखियो भन्ने लाग्छ के हो ? | ई. राजकुमार प्रधान र सितु सैंजु | | |
| ५. | प्रदिप के.सी. | नक्कली अभिभावक बनेको कुहाँ हुन र कार्यलयको गुठी जग्गाको रेकर्ड छ वा छैन, पुण्यमाता खोलाको शुद्धिकरण खोई, कसरी एउटाको जग्गा भर अर्काले घर बनाउने वडा नं. ८ मा परिन भित्र जवाफ चाहियो । | प्रेम सोनाम इन्जिनियर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | धुव्र ब. थापा | घारामा पानीका कारण समस्या, खानेपानी, बसपार्कसम्म फोहोर उठोस् नगर भित्रका सबै कर्मचारीले पोशाक र परिचयपत्रमा रहनु पऱ्यो । बेरुजु रकम किन उठ्न सकेन, ताकेता किन भएन । म्याद नाघेका औषधी कहाँ राख्नु हुन्छ, कर्मचारी कसरी Duty गर्छन्, पोशाक खोई, जवाफ सुन्थान हेल्पपोस्टबाट दिइने सेवाको बारेमा प्रस्ट हुनु पऱ्यो । घाटमा पानी र बत्तीको व्यवस्थापन किन भएन ? नगर भित्रका सबै नगरवासी समान हुन् कि होइनन् ? यदि हुन् भने फोहोर व्यवस्थापन किन समान रूपमा गरिँदैन ? | इन्दिरा थापा, प्रमुख एवं कार्यकारी अधिकृत, पनौती नगरपालिका<br><br>राजकुमार काफ्ले स्वास्थ्यकर्मी | यी सबै समस्याको छलफबाट निष्कर्ष निकाल्ने काम भइरहेको छ ।<br><br>प्रत्यक्ष जनसरोकार रहने औषधिमा खेलाँची हुँदैन । तर नगरवासीले जति चासो दिनुपर्ने हो दिएको पाइएन । आलोचना मात्र गरेर समस्या समाधान हुँदैन त्यसको लागि नगरवासीले स्वास्थ्य संस्थालाई उपयोग गर्न सक्नुपर्छ । अहिले नगरपालिकाभित्र रहेका प्राथमिक स्वास्थ्यकेन्द्र हरूमा दर्जनौं डक्टरहरूको दरबन्दी छ । तर त्यसको अनुगमन र अभिलेखिकरण छैन । घरमा बसेर वा अन्यत्र काम गरेर तलव पचाउने काम भएको छ । यो अव्यवहारिक संस्कारका विरुद्ध नगरवासी सचेत हुनु जरुरी छ । सुन्थान PHC मा डा. मुक्तिराम श्रेष्ठ इन्चार्ज हुनुहुन्छ तर सेवाग्राहीले अनुहार सम्म देखेका छैनन् । यो अवस्थामा एउटा नागरिकको हैसियतमा नगरपालिका र नगरवासीले निभाउनुपर्ने भूमि काप्रति नै प्रश्न चिन्ह उठ्नु स्वभाविक हो । | |
| ७. | बुद्धरत्न बुद्धाचार्य | यो भेला कसको हो ? राजननीतिक दलको उपस्थिति खोई ? १२ बजे पश्चात वडा सचिव भेटिदैन निर्देशन त्यस्तै हो कि ? तत्पशचत केन्द्रमा बोलाएको हो कि ? मानेश्वरी बसपार्क व्यवस्थापन समितिलाई योगदानका दृष्टिले उपेक्षा भाव देखाइयो, न.पन.ले सहयोग नगरेको नगरलाई व्यवस्थित बनाउन हाम्रो अपेक्षालाई इनकार गरियो । हामीले पटम पटक माग गरेका योजनालाई रद्दिको टोकरीमा हालियो, न.पा.का कर्मचारीहरुको मनोमानी बढेको, रक्सी सेवन गरेर कार्यालय प्रवेश गरेको । | सहजकर्ता प्रह्लाद शर्मा हुमागाईं र इन्द्रप्रसाद अधिकारी प्रशासकीय अधिकृत-पनौती नगरपालिका | स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ ले दिएको अधिकार भित्र रहि स्थानिय निकाय र नागरिकहरूका बिचमा दोहोरो संवाद स्थापित गर्न र त्यस्तो संवादबाट मुलुकको विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानिय निकायको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरिय र प्रभावकारी बनाई जिम्मेवारी संस्कार बसाउनको लागि गरिएको यो भेलामा यति उपस्थिति हुने, नहुने भन्ने उल्लेख छैन ।<br>बुद्धजिले जतिपनि सवाल उठाउन भएको छ । त्यसमा नगरपालिका गम्भिर छ । जहाँसम्म मानेश्वरी बसपार्क व्यवस्थापनका बारेमा कुरो उठाउनु भएको छ । हामीले गम्भिर रुपमा पटक पटक सम्बोधन गर्ने प्रयास गरेका छौं । सवाल कर्मचारीको छ , यसमा हामी लज्जित छौं । आगामी दिनमा सुधार्ने प्रयास गर्नेछौं । | |
| ८. | विकुनारायण ताम्राकार | ०६६ साल पौषमा डोजरले घर भत्कायो, सामान झिक्न पाइएन र पाटी निमार्ण योजना माग गरेकोमा पाईएन । | प्रशासकिय अधिकृत इनद्रप्रसाद अधिकारी | सामरिक महत्वका धार्मिक स्थलहरूमा कुनैपनि निर्माणकार्य र संरचना विस्तारका लागि भूगर्व विभागबाट अनुमती लिएर जानुपर्ने प्रावधान भएकोले यसलाई छिट्टै सम्बोधन गर्न हामी तयार छौं । | |
| ९ | उत्तम कार्की | सार्वजनिक सरोकार राख्ने निकायले सार्वजनिक भूमि अतिक्रमण गरेर पर्खाल लगाउँदा सम्बन्धित निकाय किन मौन ? बाल आदर्श नि.मा.वि. लाई यो छुट कसले दियो । | प्रेम सोनाम इन्जिनियर | नीतिगत रुपमा यस्तो भएको जस्तो लाग्दैन । यदि भएको रहेछ भने नियम संगत कारवाहीमा जाने छौं । प्रमाण पुऱ्याएर अगाडि बढ्नु व्यवहारिक हुन्छ । | |
| १०. | राजाराम सैंजू | तालमेल समन्वय छैन, पहुँचमा योजना बाड्ने काम हुन्छ । प्राथमिकता निधनरण्नमा राजनीतिक प्रभाव पर्न भएन, महिला जातजातिको पहुँच पुगेन । वडाबाट प्राप्त योजनालाई ३ लाखमा समायोजन गर्नु आवश्यक छ । कर्मचारी संहितामा वस्नु आवश्यक छ । शाखा प्रमुखहरुबाट जिज्ञासा मेटाउने कार्य | इन्दिरा थापा, प्रमुख एवं कार्यकारी अधिकृत, पनौती नगरपालिका | नगरबासीको हितलाई लिएर हामीले आफ्नो ठाउँबाट खेल्नुपर्ने भूमिकामा कुनै कसुर बाँकी राख्दैनौं | |
| ११. | नविन खड्का | राधारकृष्ण मन्दिर निर्माणका लागि जग्गा उपलब्ध गराई पाउँ भनी दिएको निवेदन उपर किन कारवाही भएन ? वडा नागरिक मञ्च गठन भएको चार महिना | प्रेम सोनाम इन्जिनियर | नीतिगत रुपमा यस्तो भएको जस्तो लाग्दैन । यदि भएको रहेछ भने नियम संगत कारवाहीमा जाने छौं । प्रमाण पुऱ्याएर अगाडि बढ्नु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वितिसक्दा पनि वडा नागरिक मञ्चको काम कर्तव्य र अधिकारका बारेमा किन प्रष्ट्याइएन ? वडा नं. १३ को चक्रपथ निर्माणका लागि छुटेयाइएको बजेट फ्रिज कसको कारणले गर्दा भयो ? सारदा उ.मा.वि. को भवन निर्माण कार्य सम्पन्न नै नभई फरफर कसरी भयो ? यसमा अघि उठेको रिसवतको कुरो जोडिन्छ की जोडिंदैन ? | | व्यवहारिक हुन्छ । | |

## निचोड

पनौती नगरपालिका आजभन्दा १८ वर्ष अगाडि ६ वटा गाविसलाई समेटेर बनेको ग्रामीण नगर भन्दा हुन्छ । २०५३ माघ ११ गते घोषणा भएको यो पनौती नगरपालिका प्राकृतिक सम्पदा एवम् पुरातात्विक दृष्ट्रिले महत्वपूर्ण पनौती नगरपालिका मठमन्दिर एवम् पुरातात्विक दृष्ट्रिकोणले महत्वपूर्ण प्राचीन शहर वि.स. १८२० कार्तिक १० गते पृथ्वीनारायण शाहको विजय अभियान सँगै नेपाल राज्यमा एकीकरण भएको इतिहास छ । यस नगरपालिका एउटा उपत्यकाको स्वरुपमा अवस्थित छ । यो नगरको भूल्नै नसकिने यथार्थता बोकेको शहर पनौती तत्कालीन इन्द्रेश्वर गाउँ पञ्चायत जहाँ भुकम्पको कुनै महसुस हुँदैन । जसलाई मन्दिरै-मन्दिरको शहर भनेर चिन्न सकिन्छ । त्यस्तै पनौती नगरीलाई घेरा हालेर बसेका उच्च पहाडी क्षेत्र जसले पर्यटकीय विशेषता बोकेको छ । यी उच्च पहाडी भागबाट यहाँका सुन्दर हिमदृश्यहरु नियाल्न सकिन्छ । पनौती नगरको उत्तर पश्चिम साइडमा नागीडाँडा, कागेथुम्को, वडा नं. २ मा रहेको ऐतिहासिक धार्मिक क्षेत्र ठूलढुंगी, वडा नं. ४ मा रहेका चामखर, वडा नं. ११ मा रहेको देविस्थान, पर्यटकीय सम्भावना बोकेका भुभागहरु हुन् भने धार्मिक हिसाबले हेर्दा पनौती नगरपालिकाको गोरखनाथ, इन्द्रेश्वर, धनेश्वर, छलेश्वरका बारेमा चर्चा गरिरहनु नपर्ला । महाभारतको लेकदेखि फूल्चोकीसम्मलाई सजिलै चुम्न सक्ने एउटा उर्वरा भूमि हो पनौती नगरपालिका । यहाँ कृषि, पर्यटन, धार्मिक लगायतका क्षेत्रमा प्रचुर सम्भावनाका धनी नगरपालिकाले फड्को मार्ने प्रयास गरिरहेको छ । प्रकृतिको वरदान प्राप्त यो भूमिका बारेमा एक पटक पाइला टेक्ने व्यक्ति पटक-पटक नआउने भन्ने सवाल नै रहन्न । आहा कति सुन्दर नगरी पनौती भन्ने वाक्यांश प्रत्येक व्यक्तिको जिब्रोमा झुण्डिनु नौलो रहन्न । प्रकृतिले अति सुन्दर ढंगले सजाइदिएको यस नगरीलाई यहाँ बासिन्दा र विकासप्रेमी जनताले नमूना लायक कार्यहरु गरेर अझै लोभलाग्दो र आकर्षक बनाउन तल्लिन छन् । विश्व सम्पदा सुचीको पर्खाइमा रहेको यो नगरी ऐतिहासिक कलात्मक सचित्र हो । यस नगरभित्रका वास्तुकलालाई आत्मसाथ गर्ने हो भने धार्मिक संग्रहलय हो पनौती नगर भन्न कर लाग्छ ।

सहर गाउँको सम्मिश्रिमत सफा सुन्दर नाम हो पनौती नगरपालिका । मिश्रित बस्तीको संयोजनबाट बनेको यो नगर आफैंमा एउटा खुल्ला संग्राहलाय हो । रोचक किबंदन्ति बोकेको यस नगरभित्र मठ, मन्दिर पाटी पौवा एवम् विशेष चोक र डबली छन्. । जसको कारण पनौती नगरीलाई ऐतिहासिक, धार्मिक र साँस्कृतिक नगरी भन्न करै लाग्छ ।

ऐतिहासिक दृष्ट्रिकोणले अत्यन्तै महत्त्व बोकेको भूमि हो पनौती । यहाँ मनाइने विभिन्न जात्राहरुमध्येको ज्याः पुन्ही छुट्टै महत्व राख्छ । यहाँ निर्माण भएका लिच्छविकालीन कलात्मक संरचनाका बारेमा जो कोहीले पनि अध्ययन गर्न सक्ने गरी धार्मिक प्रतिष्ठानको स्थापना गरिएको छ । पनौती नाम आफैंमा कर्णप्रिय छ । सम्पूर्ण पनौतीबासी आफू जुनसुकै कुनामा पुगे पनि पनौती भन्न चुक्दैनन् । आफ्नो पुर्खाको थलो वा आफ्नो जन्म थलोलाई असाध्यै मन पराउँछन् । यो नगर बासीभित्रको आत्मीयता मान्नुपर्छ । यहाँका नागरिहरुमा आफ्नो किसिमको आत्मियता छ । जुन राष्ट्र भाव आज पनि सिंगो नेपाल राष्ट्रले खोजिरहेको छ । विभिन्न जात धर्म र संस्कृतीको संयोजनको मूल प्रवाह मान्नुपर्छ पनौती नगरपालिका । यो स्थान ऐतिहासिक सुन्दर विकासको नमूना र स्वच्छ हुनुको अतिरिक्त राजधानीबाट नजिकको गन्तव्य स्थान मान्न सकिन्छ । काठमाण्डौंबाट ३२ कि.मि. को दुरी पार गर्दा नगर्दै पनौती नगरमा पाइला टेक्न पुग्छ । यति धेरै महत्व बोकेको नगरी जसले अन्नको भण्डार बोकेको छ । सहजै एक बाली धान, दुई बाली आलुको उत्पादन दिनुको अलावा बेमौसमी तरकारी उत्पादन, यस नगरको महत्वपूर्ण देन मान्न सकिन्छ । त्यस्तै दुध उत्पादनका लागि पनि प्रख्यात नै मान्नुपर्छ । जसका कराण पनौती नगरी एउटा बहुआयमिक सम्भावना बीच आाफूलाई उभ्याइरहेको छ । यति धेरै सम्भावना र महत्वका साथ नमूना योग्य चक्रपथको अवधारणा राष्ट्रसामु प्रस्तुत गरेको छ । यसबाट यो नगरीको महत्व अझ माथी उठ्न पुगेको देखिन्छ । यति धेरै सकारात्मक बीच पछिल्लो समयमा केही भूमियाफीको चंगुलमा घेराबन्दी बन्न विवश भएको पाइन्छ । यहाँका कृषियोग्य उर्वरा भूमिलाई कंक्रिटको जंगल बनाइदै छ । पछिल्लो समयमा आएर विकासे नेतृत्वको खडेरी यो नगरको दुर्दशा भन्नुपर्छ । हुन त राष्ट्रिय स्तरमा संक्रमण छाएको समयमा पनौती त्योबाट अछुतो हुने त कुरै भएन । जनप्रतिनिधी विहिन अवस्थामा कर्मचारीतन्त्रले के नै दिर्घकालीन योजना दिन्छ भनेर आशा गर्नु छ । त्यसैको उपज मान्नुपर्छ, पनौति नगरलाई कसरी अगाडि बढाउनु भन्ने कुराको कुनै ठोस योजना आउन नसक्नुको आधार । जति पनि सवाल उठ्छ, नितान्त अपनत्वको पेरिफेरीमा रहेर सहभागीहरुले कुरा उठाउनुको तार्तव्य मान्नुपर्छ । जो सहभागीहरुले साझा एजेण्डा राख्न सकेनन् । अबका दिनमा यसरी जाने भनेर मात्रै एकतर्फी खनिनुको विकल्प आएन । कम्तीमा पनि नगरबासीले आफ्नो कर्तव्य र दायित्व दिएको भए यो सार्वजनिक सुनुवाई कार्यक्रम इतिहासको पानामा कोसेढुंगा सावित हुने थियो ।

विगतमा भएका सार्वजनीक सुनुवाइहरूबाट प्राप्त सल्लाह र सुझावहरूलाई प्रयोगात्मक रूपमा प्रस्तुत गर्दा नगरपालिकाका कार्यसञ्चालनमा प्रगति भएको अनुभव भएको छ । त्यसैले यस नगरपालिकाले प्राप्त सल्लाह र सुझावहरूलाई नगरको कार्यक्रममा स्थान दिएर अगाडि बढ्नेछ भन्ने आशा नगरबासीको रहेको बुझिएको छ । फेरी पनि समय खड्किएको छैन भन्नुपर्छ , विकास र राम्रो काम गर्नको लागि जुनसुकै समय पनि उपयुक्त हुन्छ । पछि परियो भनेर विकास निर्माणमा पछुताउनु हुँदैन । पनौती नगरलाई नमूना नगरपालिका बनाउन र यहाँका विकासका कार्यहरु गरेर नगरबासीको सामाजिक आर्थिक र मानसिक विकास गर्ने अवसरहरु अझै पनि छन् । समय-समयमा यहाँका विभिन्न संघ-संस्थाहरु र विकासका अगुवाहरुले पनौतीलाई नमूना बनाउन के गर्नुपर्छ भनेर गरेका सार्वजनिक कार्यक्रमहरु र त्यसबाट निस्केको सुझावहरुलाई कार्यान्वयन गर्न सके मात्र पनि पनौतीको नाराले सार्थकता प्राप्त गर्ने विश्वास लिएको छ ।